


HORNBILL NEWSLETTER
Main Site Tel: 3224101 ext 3214/Fax: 3222133
Foundation Site Tel/Fax: 3333225
Email: office.hornbill@sceschools.com
www.hornbillschool.com
Head Teacher Mrs Kathy Wood MBE MEd


शुक्रबार २६ मार्च २०१०



Welcome
'Flying High'
Working together to
Build a Successful
Future for All

## हाम्रो विद्यालयको यस टर्मको मुल्यमान्यता धैर्य अनि उत्तरदायित्व रहेको छ।

आदरणीय अभिभावकज्यु,
हामी दोस्रो टर्मको अन्तमा आइपुगेकाछौं र समय कति चांडो बित्दछ भन्ने कुरा अपत्यरिलो लाग्दछ।
एस सि इ का क्षेत्रिया शिक्षा अधिकारी श्री डग मनरो हाम्रो विद्यालय भ्रमणमा आउनु भएका छन्। हाम्रो नानीहरुले गरेका प्रगती अनि स्टाफहरुले गरेका कार्य प्रति उहाँ अति नै प्रभावित हुनु भएका छन्। यस टर्म भरि नै हर्नबील विद्यालयमा हरेक व्यक्तिले कडा परिश्रम गरेका छन् भनेर मलाई थाहा छ र सबैलाई राम्रो आरामको समयको आवश्यकता छ। त्यसैले सबैलाई आरामदायी बिदाको कामना गर्दछु।

क्याथी वुड।
हेड टिचर।

**फेमेली लर्निङ्ग प्रोग्राम।**
हाम्रो अर्को फेमेली लर्निङ्ग प्रोग्राम आगामी बुधबार २१ अप्रेलको साँझ १७०० बजे संचालन हुनेछ। उक्त सेसन स्वस्थ्य बिकास सम्बन्धि केन्द्रित रहनेछ र एफ एस देखि कक्षा ६ सम्मका सबै अभिभावकहरुको निम्ति हुनेछ। कृपया भाग लिनुहोला।

**खेलकुद महत्शव।**
गत मंगलबार अनि बुधबारको दिन सम्पन्न खेलकुद महत्शवमा नानीहरुले फुटबल, हक्की अनि जिम्नास्टिक जस्ता खेलहरुमा सभागी भएर आफ्नो उत्कृष्ट कलाहरु प्रदर्शन गर्ने अवसर प्राप्त गरे। उक्त खेलकुदको आयोजना धेरै राम्रो भएको थियो साथसाथै नानीहरुले विस्तृत रुपमा रमाइलो गरे। सबैलाई स्याबास अनि यस कार्यक्रमको संयोजक श्रीमती लवरा हन्टरमा बिशेष धन्यबाद। खेलकुद महत्शवमा खिचेका फोटोहरु के बि को नानयाङ्ग्स्मा हेर्न अनि खरिद गर्न शनिबारबाट उपलब्ध हुनेछ।

**हर्नबील हेल्पिङ्ग ह्याण्डस् फन्ड रेजिङ्ग एक्टिभिटिज।**
गत १५ अनि २२ मार्चमा कक्षा १ देखि कक्षा ६सम्मका नानीहरुको निम्ति संचालित फिल्म नाईट अनि एफ एसको नानीहरुको निम्ति इस्टर एग हन्टबाट हामीले कूल ब्रुनाइ डलर ९६३.३५ संकलन गर्न सफल भएको मा सबै हर्नबील हेल्पिङ्ग ह्याण्डस् सदस्यहरुमा हार्दिक धन्यबाद। साथसाथै यस कार्यक्रमलाई सहयोग गर्नुमा संलग्न सबै स्टाफ मेम्बरहरुमा पनि हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छौं।




**हर्नबील हेल्पिङ्ग ह्याण्डस् फन्ड रेजिङ्ग एक्टिभिटिज।**
गत १५ अनि २२ मार्चमा कक्षा १ देखि कक्षा ६सम्मका नानीहरुको निम्ति संचालित फिल्म नाईट अनि एफ एसको नानीहरुको निम्ति इस्टर एग हन्टबाट हामीले कूल ब्रुनाइ डलर ९६३.३५ संकलन गर्न सफल भएको मा सबै हर्नबील हेल्पिङ्ग ह्याण्डस् सदस्यहरुमा हार्दिक धन्यबाद। साथसाथै यस कार्यक्रमलाई सहयोग गर्नुमा संलग्न सबै स्टाफ मेम्बरहरुमा पनि हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छौं।


**फाउण्डेशन साइटका हालखबरहरु।**
"अभिभावकहरु पनि नानीहरुसँगै बसी पढेर साथै उनीहरुको कार्यमा सबै जना संलग्न भएको देख्न पांउदा खुशी लाग्यो" जस्ता प्राप्त प्रतिक्रिया सँगै ब्लु कक्षाको ओपन डे सफल रह्यो। यो बिदा पछि आउनु हुने एफ एस १को नयाँ टिचर श्रीमती ट्रिस ह्याड्फिल्डमा स्वागत गर्न चाहन्छौं।
भोलि शुक्रबार २६ मार्च टर्मको अन्तिम दिन भएकाले एफ एस १को १००० बजे अनि एफ एस २ को १२०० बजे गरी चाडै बिदा हुनेछ।



**अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता।**
आगमी बिहिबार १५ अप्रेलमा हुने हाम्रो द्बै-वार्षिक अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगितामा सम्पूर्ण अभिभावकहरुमा हार्दिक निमंत्रणा छ। उक्त प्रतियोगितामा सेन्ट एनजेलास् स्कूल सेरिया, सेन्ट मार्गेट स्कूल सेरिया, पनागा स्कूल मुमुङ्ग, सेन्ट जोन्स स्कूल के बि, चुङ्ग हुवा मिडल स्कूल के बि, सेन्ट जेम्स स्कूल के बि, जेराडुङ्ग इन्टरनेशनल स्कूल बि एस बि अनि हर्नबील स्कूल गरी आठ वटा विद्यालयहरु सभागी हुनेछन्। कृपया हाम्रो टिमलाई सपोंट गर्नु होला।

**ब्याडमिन्टन प्रतयोगिता।**
ब्याडमिन्टन प्रतियोगितामा भाग लिने सबै नानीहरुलाई स्याबास। आज फाइनल खेलहरु ग्यारिजन जिम हलमा १४३० बजे सम्पन्न हुनेछ। सबै अभिभावकहरुलाई उक्त फाइनल खेलहरु हेर्न स्वागत छ। अन्तमा यस रोमांचक प्रतियोगिताको संयोजक श्री शुशिल शाही अनि श्रीमती हिरा गुरुङ्गमा हार्दिक धन्यबाद प्रकट गर्न चाहन्छौं।

**बिद्यालय संचालक समितिको सभा।**
आज बिहान बटालयन कन्फरेन्स हलमा बिद्यालय संचालक समितिको सभा सम्पन्न भयो। उक्त सभामा उपस्थित सबै सबैमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छौं। यसै सन्दर्भमा हामीले मेजर केथ फिसरप्रति बिद्यालय संचालक समितिको उपाध्यक्षको रुपमा उहाँले बिद्यालयप्रति गर्नु भएको सहयोग अनि योगदानको निम्ति हार्दिक आभार प्रकट गर्यौं।

**नेपाली रिडिङ्ग एण्ड राईटिङ्ग लेसनहरु।**
आगमी शुकबार २६ मार्चको दिन बिद्यालय समय पछि हुने नेपाली रिडिङ्ग एण्ड रार्यटङ्ग लेसनहरु हुने छैन। उक्त लेसनहरु अब अर्को टर्मको १९ अप्रेल २०१०को हप्ताबाट मात्र पुन संचालन हुनेछ।

**तपाईको डायरीको लागी।**
सोमबार २९ मार्च १० -दोस्रो टर्मको बिदा आरम्भ।
सोमबार १२ अप्रेल १० -तेस्रो टर्मको लागी बिद्यालय पुन संचालन। एफ एस २ - कक्षा ६ को लागी लअन्च प्याडहरु आरम्भ।
बिहिबार १५ अप्रेल १० - अन्तर बिद्यालय हाजिरी जवाफ प्रतियोगिता मेन साइटमा १३४५-१५१५ बजे।
मंगलबार २० अप्रेल १० - यस हप्ताबाट ताइ चि आरम्भ १९३० बजे
बिभिन्न यु एफ सि सेन्टरहरुमा युनिर्भसिटि फर चिल्ड्रेन मोड्युलहरुको आरम्भ।
बुधबार २१ अप्रेल १० - स्वस्थ्य बिकास सम्बन्धि केन्द्रित फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा १७००-१७४५ बजे।
सोमबार २६ अप्रेल १० - यस हप्ताबाट बिद्यालय समय पछि हुने सबै क्लबहरु आरम्भ।
मंगलबार २७ अप्रेल १० - हर्नबील हेल्पिङ्ग ह्याण्ड्सको बैठक १८०० बजे मेन साइटमा।
बिहिबार २९ अप्रेल १० - एफ एसमा सेलेब्रेशन एसेम्बली १००० बजे।

